FORWARD फरवार्ड माईक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड Microfinance Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था - (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
Duhabi, Sunsari
Phone: 025-540018; Fax: 025-541483; E-mail: info@forwardmfbank.com.np

Unaudited Financial Results (Quarterly) at 1st Quarter (31/06/2079) of the Fiscal Year 2079/2080

(Rs. in '000)

S. N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	**Total Capital & Liabilities (1.1 to 1.7)**	**21,518,897**	**21,884,180**	**20,202,896**
1.1	Paid-up Capital	844,451	844,451	625,519
1.2	Reserves and Surplus	1,892,155	1,847,932	1,348,202
1.3	Debenture and Bond			
1.4	Borrowings	10,066,357	10,088,374	10,471,209
1.5	Deposits (a+b)	**8,213,557**	**7,959,101**	**7,005,808**
	a. Domestic Currency	8,213,557	7,959,101	7,005,808
1.6	Income Tax Liabilities	13,019	362,304	35,334
1.7	Other Liabilities	489,358	782,018	716,823
2	**Total Assets (2.1 to 2.7)**	**21,518,897**	**21,884,180**	**20,202,896**
2.1	Cash & Bank Balance	420,066	332,297	568,178
2.2	Money at call and short Notice	904,808	638,591	1,053,407
2.3	Investments	2,000	182,000	312,000
2.4	Loans & Advances	**19,877,619**	**19,811,479**	**17,750,313**
2.5	Fixed Assets	166,199	165,382	109,984
2.6	Non Banking Assets			
2.7	Other Assets	148,204	754,431	409,015
3	**Profit and Loss Account**			
3.1	Interest income	714,265	2,968,785	616,896
3.2	Interest Expense	507,633	1,607,604	344,298
A	**Net Interest Income (3.1-3.2)**	**206,631**	**1,361,181**	**272,598**
3.3	Fees Commission and Discount	2,836	-	-
3.4	Other Operating Income	71,168	405,891	115,821
B	Total Operating Income (A+3.3+3.4+3.5)	280,636	1,767,072	388,419
3.6	**Staff Expenses**	**125,173**	**440,035**	**112,355**
3.7	Other Operating Expenses	21,649	126,739	18,568
C	Operating profit Before Provision (B-3.6-3.7)	133,814	1,200,299	257,497
3.8	**Provision for Possible Loss**	**182,374**		**125,616**
D	Operating profit (C-3.8)	(48,560)	1,200,299	131,880
3.9	**Non Operating Income/Expenses (Net)**			
3.10	Write Back of Provision for Possible Loss	96,777	141,567	-
E	Profit From Regular Activities (D+3.9+3.10)	48,217	1,341,866	131,880
3.11	**Extraordinary Income/Expenses (Net)**			
F	Profit Before Bonus and Taxes (E+3.11)	48,217	1,341,866	131,880
3.12	**Provision For Staff Bonus**	**4,822**	**134,187**	**11,989**
3.13	Provision For Tax	13,019	362,304	35,967
G	Net Profit/Loss (F-3.12 -3.13)	30,377	845,376	83,924
4	**Ratios**			
4.1	Capital Fund to RWA	13.63%	12.97%	10.56%
4.2	Non Performing Loan (NPL) to Total Loan	2.60%	1.83%	3.72%
4.3	Total Loan Loss Provision to total NPL	112.70%	133.52%	73.65%
4.4	Cost of Funds	11.36%	9.65%	9.07%
4.5	CD Ratio (Calculated as per NRB Directives)	250.19%	256.29%	265.55%

Note: 1. The figures are regrouped and rearranged wherever necessary.
2. Figures may change subject to instructions if any from statuary/regulatory authorities.

Interest Rate	Loan : 14% to 15%	Saving : 4% to 13.3%

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व. २०७९/८० को पहिलो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण:

क) त्रैमासिक अवधिको बासलात, नाफा नोक्सान सम्बन्धि विवरण : यस वित्तीय संस्थाको आ.व.२०७९/८० को पहिलो त्रैमासिक नाफा-नोक्सान तथा वासलात सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी	प्रति शेयर नेटवथ	प्रति शेयर कुल सम्पतीको मूल्य	तरलता अनुपात	मुल्य आम्दानी अनुपात
१४.३९	३२४.०७	२,५४८.२७	७.२६%	१७८.४७

२. व्यवस्थापकिय विश्लेषण :

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तत भएको भए सोको प्रमुख कारण सम्बन्धि विवरण:** यस त्रैमासिक अवधिमा तरलताको अभावले संस्थाले उपभोग गरिरहेको कर्जा सापटमा बजार व्याजदर बढेकोले व्याज खर्च बढेकाले गर्दा व्याज दर अन्तरमा असर परेको देखिन्छ। वित्तीय संस्थाको कार्य सञ्चालन तथा कर्जा लगानी योजना अनुरुप नै रहन गएको भएता पनि मौज्दात, आम्दानी र तरलतामा गत त्रैयमासभन्दा यस त्रैयमासको आम्दानी सन्तोषजनक रुपमा बृद्धि हुन सकेन।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : यस संस्थाले देशका ४० जिल्लामा १५९ वटा शाखाहरु मार्फत २ लाख ८७ हजार ग्राहक सदस्यहरु माझ आफ्नो गुणस्तरिय सेवा प्रदान गर्दै आइरहेको छ। थप नयाँ क्षेत्रमा समेत नविनतम प्रविधिको प्रयोग गरी विश्वासनिय र दिगो सेवा प्रदान गर्न समय सापेक्ष सेवा तथा सुविधाहरुमा परिस्कृत गर्दै वित्तीय तथा गैह्र वित्तीय सेवा तथा सुविधा उपलब्ध गराउने कुरामा व्यवस्थापन प्रतिवद्ध छ।

ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक विवरण** : हालको आर्थिक मन्दी र बैंकिङ्ग क्षेत्रमा देखिएको तरलताको अभावको कारण ग्राहक सदस्यहरुको कारोबारमा असर परेको र सोबाट यस वित्तीय संस्थाको कर्जा अशुली समेत प्रभावित भईरहेको अवस्थामा समेत ग्राहक सदस्यले सकारात्मक रुपमा किस्ता भुक्तानी गरिरहेका छन्। साथै विगतको अनुभवका आधारमा ग्राहकहरुमा दिईने सेवा सुविधामा सुधारका कारणले वित्तीय संस्थालाई असर पर्न सक्ने कुराहरुको आकलन गरी कुशल कार्य नीति तथा व्यवस्थापन, ग्राहक संरक्षण नीति तथा कोषको व्यवस्था गरेको हुनाले आउदा दिनमा पनि तात्विक रुपमा नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति, नियमको तर्जुमा गरी अघि बढ्ने नीति लिएको भएता पनि आम्दानीमा खासै वृद्धी हुन सकेको छैन।

३. कानूनी कारवाही सम्बन्धि विवरण :

समीक्षा अवधिमा संस्था वा संस्थापक वा संचालकले कसैको विरुद्धमा र कसैबाट पनि वित्तीय संस्था, संस्थापक र संचालक विरुद्धमा मुद्दा दायर गरेको जानकारी भएको छैन।

४. वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगती विश्लेषण :

(क) धितोपत्र बजारमा सुचिकृत भएको यस वित्तीय संस्थाको शेयरको कारोबारमा हुने उतार चढाब खुल्ला बजारको सिद्धान्त अनुरुप हुने गरेको छ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोबार भएको दिन र कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लि.को वेवसाईटको आधारमा समीँक्षा अवधिमा देहाय अनुसार रहेको छ।

अधिकतम मूल्य	न्युनतम मुल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या
२,९५०	२,४३१	२,५६८	५३	११,४९०

५. समस्या तथा चुनौती :

ग्राहक सदस्यहरुले आफ्नो आम्दानी र खर्च हिसाब नगरी कर्जा लिन खोज्नु र लघुवित्त संस्थाहरुले सजिलै लगानी गर्ने गरेको कारण अश्वभाविक प्रतिस्पर्धा बढेकोले वित्तीय संस्थाको आम्दानी र अन्य गतिविधिहरुमा प्रत्यक्ष असर परेको भएता पनि पहिले कै स्वरुपमा सञ्चालन गर्ने प्रयास भई रहेकोछ। साथै देशमा परेको अस्थिर वित्तीय अवस्था, तरलताको अभाव मुल्य बृद्धीलाई वित्तीय संस्थाको प्रमुख समस्या तथा चुनौतिको रुपमा रहेको छ। वित्तीय संस्थाका सदस्यहरु न्यून आय भएको सदस्य रहेकोले यसको असर दिर्घकालसम्म रहने देखिन्छ। वित्तीय संस्थामा रहेको जनशक्तिको उचित व्ययवस्थापन तथा समयानुकुल व्यवसायिक रणनीति अपनाई प्रदान गर्ने सेवामा प्रभावकारी रुपमा विविधीकरण गर्दै मितव्ययिताका साथ कारोबार गरिनेछ।

६. संस्थागत सुशासन :

नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संस्थागत सुशासन अभिबृद्धिका लागि संस्थाको व्यवस्थापन आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गर्ने, आन्तिरिक लेखापरीक्षण प्रभावकारी बनाउने, कारोबारलाई चुस्त, छिटो छरितो बनाउन विभिन्न समिति र उपसमितिहरु कृयासिल रही कार्य गरी रहेको छ भने कारोबारमा आकर्षित हुने ऐन कानुन तथा नियमनकारी निकायबाट जारी भएका निर्देशनहरु पालना गरिएको छ।

७. सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवदेनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन्। लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारीहरु लुकाईएको छैन।